# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः २१** **कार्यपालिकाबाट पारित मितिः २०७९।०८।२७**

**प्रमाणिकरणः२०७९।०८।२९**

**प्रकाशन मितिः २०७९।०९।०६**

## भाग-२

## ठाकुरबाबा नगरपालिका

### "ठाकुरबाबा नगरपालिकाको बालविवाह मुक्त अभियान संचालन निर्देशिका, २०७९"

ठाकुरबाबा नगरपालिकामा बालविवाह मुक्त अभियान संचालन गरि अन्तिममा बालविवाह मुक्त समाज निर्माण गरि बालअधिकारको संरक्षण र संवर्द्धन गर्न वान्छनिय देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी ठाकुरबाबा नगरकार्यपालिकाले यो निर्देशिका बनाएको छ।

**परिच्छेद – १**

**प्रारम्भिकः**

**१. संक्षिप्त नाम र प्रारम्भः यस निर्देशिकाको नाम :- "बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका, २०७९" रहेको छ।**

**क.** यो निर्देशिका ठाकुरबाबा नगरकार्यपालिको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) **"बालबालिका"** भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ।

'ठाकुरबाबा नगरपालिकाको बालविवाह मुक्त अभियान संचालन निर्देशिका, २०७९'

(ख) **"ऐन"** भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ग) **"नगरपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिका सम्झनु पर्छ ।

(घ) **"कार्यपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्छ ।

(ङ) **"प्रमुख"** भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(च)**"उप-प्रमुख"** भन्नाले ठाकुरबाबा नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(छ) **"कार्यपालिका सदस्य'** भन्नाले ठाकुरबाबा नगरपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(झ) **"कार्यदल"** भन्नाले यस नगरपालिकाको कुनै कार्यविधि अनुसार गठन भएको समिति सम्झनु पर्छ ।

(ञ) **"समिति"** भन्नाले यस नगरपालिकाको कुनै कार्यविधि अनुसार गठन भएको समिति सम्झनु पर्छ ।

(ट) **"बालविवाह"** भन्नाले नेपालको प्रचलित कानुन बमोजिम तोकिएको उमेर भन्दा अगाडि गरिने सबै विवाहलाई सम्झनु पर्छ ।

(ठ) **"वडाअध्यक्ष"** भन्नाले ठाकुरबाबा नगरपालिका अन्तरगतका वडाहरुका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ड)**"वडासदस्य"** भन्नाले ठाकुरबाबा नगरपालिका अन्तरगतका वडा समितिका वडा सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ढ) **"कार्यपालिका सदस्य"** भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर कार्यपालिकाका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ण) **"सामाजिक संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

(त) **"निजी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य कम्पनी समेतलाई जनाउँछ ।

(थ) **"जिल्ला बालअधिकार समिति "** भन्नाले लुम्बिनी प्रदेशको बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धमा बनेको ऐनको बालबालिका सम्बन्धी ऐन, २०७६ को दफा ४३ (१) बमोजिम गठन गरेका समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

**३ :बालविवाह मुक्त नगरपालिका र वडा घोषणा गर्दा अपनाइने प्रक्रिया :**

१.वडा/ नगरपालिकाको वार्षिक रुपमा जम्मा विवाहको अवस्था र त्यसमा पनि बालविवाहको अवस्थाको तथ्यांक संकलन गर्ने,

२.बालविवाहको तथ्यांकको आधारमा बालविवाह हुने वस्ती, टोल समुदाय र वडालाई कार्यक्रम केन्द्रित गर्ने।

३. नगरपालिका तथा वडास्तरमा बाल विवाह मुक्त घोषणाका लागि स्थानीय सरोकारवालाहरु बीच तथा सर्वदलीय प्रारम्भिक बैठक आयोजना गर्ने र विद्यालय केन्द्रित अभियान सञ्चालन गर्ने ।

४.नगरपालिका/वडास्तरीय सरोकारवालाहरु बीचको वैठकमा बाल विवाह मुक्त नगर र वडा घोषणा गर्न आधारभुत सुचक माथि छलफल गर्ने ।

५.नगरपालिका, वडा कार्यालय तथा सरोकारवाला संघ-संस्थाहरुबाट विनियोजित बजेटमा रही नगरपालिका स्तरीय बाल अधिकार समिति मार्फत बालविवाह मुक्त वडा र नगरको लागि वार्षिक कार्ययोजना निर्माण गरी विभिन्न बस्ती, टोल, विद्यालय तथा समुदायस्तरमा तालीम , र्‍याली, अभिमुखीकरण, सडक नाटक तथा अर्न्तक्रिया आदि जस्ता कार्यक्रम संचालन गर्ने ।

६. नगरपालिका तथा वडा बाल अधिकार समिति, विभिन्न राजनैतिक दल, स्थानीय प्रहरी प्रशासन, स्थानीय संघ संस्था, बालक्लव, विद्यालय, बडघर, स्थानिय धामी झाँक्री समुह, महिला समुह, निगरानी समुह, किशोरी क्लब, युवा क्लब, महिला सहकारी संस्था र धार्मिक गुरुहरु मार्फत घरदैलो अभियान संचालन गर्ने ।

७. नगरपालिका स्तरमा बालविवाहको अवस्था विषयक राजनैतिक दल, बाल अधिकार समिति, बालक्लव, किशोरी क्लब, धार्मिक गुरु, धामीझांक्री समुह, महिला संजाल, लगायतका सरोकारवालाहरु बीच सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने ।

८. नगरपालिकालाई बाल विवाह मुक्त घोषणा लागि नगरस्तरीय बाल अधिकार समितिको सिफारिसमा नगर कार्यपालिकाबाट निर्णय गर्ने र वडालाई बाल विवाह मुक्त घोषणाका लागि वडास्तरीय बाल अधिकार समितिको निर्णय अनुसार नगरस्तरीय बाल अधिकार समितिको सिफारिसमा नगरकार्यपालिकाको बैठकबाट निर्णयानुसार बाल विवाह मुक्त वडा/पालिका घोषणाका लागि मिति, स्थान तय गरी विभिन्न तयारी उपसमितिहरु निर्माण गरिने ।

९. बालविवाह मुक्त नगरपालिका घोषणाका निम्ति स्थानिय रेडियो, टेलिभिजन, अनलाईन मिडिया र पत्रिकाहरुसंग साझेदारीका लागि प्रचार प्रसार गर्ने ।

१०. स्थानीय धार्मिक गुरु, बडधघर, धामीझाँक्री तथा ज्योतिषीहरु मार्फत आजको दिनदेखी २० बर्षभन्दा मुनीका बालबालीकाहरुको विवाहको लगन नजुराउने साथै विवाह नगराउने प्रतिबद्धता गराउने ।

११ ठाकुरबाबा नगरपालिका स्थानीय प्रहरी कार्यालय संग समन्वय गर्ने र बालविवाह नगराउनका लाागि जनजागरण तथा अर्न्तक्रियाका साथै विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

१२. बालविवाह मुक्त वडा र नगरपालिका घोषणा कार्यक्रमका लागि विभिन्न स्थानीय सांस्कृतिक झलक र बाजागाजाहरु सचेतनामुलक विभिन्न कला प्रस्तुतिहरुको तयारी गराउने ।

१३. बालविवाह मुक्त वडा र नगरपालिका घोषणा सभाको आयोजना गर्ने र बालविवाह मुक्त नगरपालिका/वडामा सहयोग पुऱ्याउने व्यक्ति, संघ संस्था तथा निकायहरुलाई सम्मान गर्ने ।

१४. बाल विवाह मुक्त वडा घोषणाका लागि वडाको बाल अधिकार समितिले तथा नगरपालिका बाल विवाह मुक्त  घोषणाका लागि नगरस्तरीय बाल अधिकार समितिले नेतृत्व भुमिका निर्वाह गर्ने ।

## परिच्छेद - ३

### ४. वडा र नगरपालिकालाई बालविवाह मुक्त घोषणाका सूचकहरु :

१. वडा र नगरपालिकामा विवाह गर्ने उमेर अनुसार विवाह भएको तथ्यांक चुस्तदुरुत अभिलेख भएको हुनु पर्नेछ ।

२. नगरपालिकामा बाल संरक्षण सयन्त्र बनेको, (बाल अधिकार समिति गठन सम्बन्धी कार्यविधि बनेको, बाल विवाह अन्त्य सम्बन्धी रणनीतिक योजना तथा बाल संरक्षण नीति बनेको, बाल संरक्षण सम्पर्क व्यक्ति तोकेको) हुनु पर्ने ।

३.बालबालिकाहरुको अनिवार्य जन्मदर्ता गर्ने गरिएको हुनु पर्ने ।

४.नगरपालिकाले बाल विवाहका संभावित तथा अन्य घटनाहरुलाई दस्तावेजीकरण तथा सुनुवाई गर्नुका निम्ति नगरपालिकास्तरीय बाल अधिकार समितिको निर्णयानुसार कार्यदल गठन गरी परिचालन गरेको हुनु पर्ने ।

५. वडास्तरीय र नगरस्तरीय बाल अधिकार समिति क्रियाशिल भएको हुनु पर्ने ।

६. नगरपालिकास्तरमा भएका समुदायमा आधारित संस्था/समिति/समुहहरु बाल विवाह विरुद्धमा सक्रिय

क्रियाशिल भएका हुनु पर्ने र वडा तथा नगरपालिकामा किशोरी समुह वा किशोरी क्लव वा सञ्जाल गठन भई परिचालिन भएको हुनु पर्ने ।

७. बालविवाह विरुद्ध उजुरी दिने गरेको हुनु पर्ने र वैवाहिक समारोह गर्दा वडास्तरीय बाल अधिकार समिति वा वडा कार्यालयलाई जानकारी गराउनु पर्ने छ ।

८.बाल विवाहको जन्ती/भोज/भतेर जस्ता कार्यहरुमा समुदायका व्यक्तिहरु सहभागी हुन छाडेको हुनु पर्ने ।

९. बालबालिका र अभिभावकहरुलाई बाल विवाहका विषयमा सचेत गराई बाल विवाह हुन नदिने कदम कदाचित भएमा कानुनी प्रक्रिया अवलम्बन गरेको हुनु पर्ने र बालबालिकाको स्वैच्छिक विवाह समेतलाई आवश्यकता अनुसार मनोविमर्श सेवा दिई बालबालिकालाई आफ्नै अभिभावकलाई जिम्मा दिने वा आवश्यकता अनुसार आवधिक गृहमा राखि सेवा प्रदान गरेको हुनु पर्ने ।

१०. बाल विवाह मुक्त वडा घोषणा गर्नको लागि वडाको वार्षिक तथ्याँक अनुसार जम्मा विवाह मध्ये उमेर पुगी गरेको विवाहको तथ्यांक ८५ प्रतिशत भन्दा बढी हुनु पर्ने ।

११ नगरपालिकालाई बालविवाह मुक्त घोषणा गर्नका लागि ८० प्रतिशत वडाहरु बालविवाह मुक्त वडा घोषणा भएको हुनु पर्ने ।

१२. अभिभावकबाट गराइदिने विवाहलाई उमेर नगुगी गराइएको भएमा सामाजिक बहिष्कार गर्ने ।

१३. वडामा अनिवार्य विवाहदर्ता गर्ने गरिएको हुनु पर्ने ।

## परिच्छेद - ४

### ५.सरोकारवालाहरुको भुमिकाः

१. जन्मदर्तालाई बाल बालिकाको नैसर्गिक अधिकारको रुपमा लिई १८ वर्ष मुनिका सम्पूर्ण बालबालिकाको जन्मदर्ता गर्न सबै सरोकारवालाहरुले सहयोग गर्ने ।

२. न्याय प्रक्रियामा हुने हस्तक्षेपलाई पूर्णरुपमा रोक्नका लागि सबै सरौकारवालाहरु प्रतिबद्ध हुदै सहयोग गर्ने।

३. विद्यालय, समुदाय एवम् सम्पूर्ण सार्वजनिक स्थलमा बाल संरक्षण सम्बन्धी संयन्त्रमार्फत आचार संहिता निर्माण गरी पूर्णरुपमा लागु गर्ने ।

४. बाल विवाह विरुद्धको अभियानमा सम्बन्धित निकायसंग सहकार्य गरी बाल विवाह निषेध गर्न सहयोग गर्ने ।

५. सबै सरकारी तथा गैह सरकारी संघ संस्थाहरुले आ आफ्नो क्षेत्रमा सञ्चालन गरिने कार्यक्रममा बाल विवाह विरुद्धको अभियानमा सहयोग पुग्ने क्रियाकलाप संचालन गर्ने ।

६. बाल विवाह सम्बन्धी घट्नाको स्थलगत अनुगमन पछि प्रतिवेदन तयार गरी बाल अधिकार समिति मार्फत कारवाहीका लागि सिफारिस गर्ने ।

७. नगर बाल अधिकार समितिको अगुवाईमा बाल विवाह सम्बन्धी नगर स्तरीय रणनैतिक योजना निर्माण गरी लागू गर्ने ।

८. बाल विवाह मुक्त वडा र पालिका घोषणा पश्चात पनि समुदायस्तरमा नियमित कार्यक्रमहरु सञ्चालन गर्ने ।

## परिच्छेद – ५

### ६. बजेट विनियोजन सम्वन्धी व्यवस्थाः

ठाकुरबाबा नगरपालिका र यसका सबै वडाहरुमा प्रत्येक आ.व.मा पालिका तथा वडाको विकास बजेटबाट कम्तिमा ५ प्रतिशत बालबालिका र ५ प्रतिशत महिला तथा किशोरीहरुका लागी बजेट विनियोजन गर्न पर्ने छ ।

ठाकुरबाबा नगरपालिकाको बालविवाह मुक्त अभियान संचालन निर्देशिका, २०७८

## ७. बालविवाह मुक्त घोषणा प्रकृयाः

बालविवाह मुक्त वडा वा पालिका अनुसुची १ मा उल्लेखित सर्वेक्षण फारामको प्रयोग गरी वडाको बाल अधिकार समितिको सिफारिसमा सुचक पुरा भएको ठहर गरेमा सोही समितिको सिफारिसमा वडा वा पालिकालाई बाल विवाहमुक्त क्षेत्र भनी घोषणा गर्न प्रक्रिया अवलम्बन गर्न सकिने छ ।

बालविवाह मुक्त घोषणा गर्दा पालिकालाई जिल्ला बाल अधिकार समितिको सिफारिसका आधार र वडालाई पालिका स्तरको बाल अधिकार समितिको सिफारिसका आधारमा बाल विवाह मुक्त क्षेत्र घोषणा गरिने छ । यसरी बाल विवाह मुक्त घोषणा गरिएका वडा लाई पालिकाको बाल अधिकार समितिले र बालविवाह मुक्त पालिकालाई जिल्लाको बालअधिकार समिति ले समेत अनुमोदन गर्ने छ ।

## ८. अनुगमन :

बाल विवाह मुक्त पालिका घोषणा भन्दा अगाडि तथा घोषणा पश्चात यसको दिगोपनाका लागि पालिकास्तरीय बाल अधिकार समितिको सिफारिसमा गठन कार्यदलबाट पालिका भित्र भएका सबै बाल अधिकार हननका घटना, संभावित बाल विवाहको जोखिम न्युनीकरणकालागि तत्काल परिचालन, वाल अधिकार कार्यान्वयनका सवालमा बाल अधिकार समितिको काम कार्वाहीको अवस्था, बाल मैत्री शासन कार्यान्वयको अवस्था, विद्यालय, स्वास्थ्य संस्था, बाल कल्याण गृह, बाल गृह, बाल सुधार गृह, अनाथालय वा केन्द्रहरु र बालबालिकाकालागि सञ्चालनमा रहेका आवधिक गृह तथा अन्य गृह समेत जहिले सुकै बेलामा अनुगमन तथा निरीक्षण गर्ने छ । बाल विवाहमुक्त वडा तथा घोषणा गर्ने सिलसिलामा यस निर्देशिकाको कार्यान्वयनमा र पालिकास्तरका सरोकारवालासंगको समन्वय गर्ने कार्यमा नेतृत्व गर्ने छ । त्यसैगरी यस निर्देशिकामा उल्लेख भए बमोजिमको काम कार्वाही भए नभएको तथा वालविवाह मुक्त पालिका घोषणा गर्दा अनुसुची १ बमोजिमको ढाँचा अर्न्तगत सर्वेक्षणबाट उल्लेखित शर्त पुरा भए नभएको वारे अनुगमन तथा मूल्यांकन गर्न सरोकारवाला सरकारी, गैर सरकारी संस्था, नागरिक समाजसंग को समन्वयमा आवश्यक सल्लाह सुझाव र पृष्ठपोषण प्रदान गर्ने गरी कार्यदल गठन गरिने छ जसमा देहाय बमोजिमका सदस्य रहने छन :

(१) नगरपालिका स्तरमा अनुगमन तथा मूल्याङ्कन कार्यदल देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका उपप्रमुख वा निजले तोकेको विषयगत समितिको संयोजक एक जना –संयोजक

(ख) इलाका प्रहरी कार्यालय वा प्रहरी चौकीबाट एक जना –सदस्य

(ग) महिला तथा बालबालिकाका क्षेत्रमा काम गर्ने संस्थाहरु मध्येबाट बाल अधिकार समितिले छानेको एकजना –सदस्य

(घ) नगरपालिकाको वाल क्वल/किशोरी क्लब संञ्जाल प्रतिनिधी मध्येबाट एक जना –सदस्य

(ङ) स्वास्थ्य शाखावाट शाखा प्रमुख वा निजले तोकेको कर्मचारी एक जना –सदस्य

(च) शिक्षा युवा तथा खेलकुद शाखावाट शाखा प्रमुख वा निजले तोकेको कर्मचारी एक जना –सदस्य

(छ) महिला तथा बालबालिका शाखा - सदस्य सचिव

(२)अनुगमन तथा मूल्याङ्कन कार्यदलको काम कर्तव्य अधिकार :

१) बालविवाह अन्त्य सम्बन्धी कार्ययोजना कार्यन्वयन समिति/अनुगमन तथा मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) ऐन, नियम, नीति तथा कार्यविधिको आधारमा बालविवाह अन्त्य सम्बन्धी यस कार्यविधिमा उल्लेखित तथा पालिकाले तय गरेका कार्ययोजनाहरु कार्यान्वयन भए नभएको अनुगमन गर्ने कार्ययोजना अनुरुप नभएको पाईएमा कार्यान्वयनकालागि बाल अधिकार समितिलाई सिफारिस गर्ने ।

(ख) बालविवाह मुक्त  घोषणा भएका वडा र पालिकाको अनुगमन गरि प्रतिवेदन सार्वजनिक गर्ने ।
(ग) बालविवाह विरुद्धका कार्यक्रमहरुलाई स्थानीय तह को वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न आवश्यक समन्वय एवं पहल गर्ने ।
(घ) बालबिवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने र आवश्यक परेमा पालिकालाई पृष्ठपोषण दिने ।
(ङ.) संघीय तथा प्रदेश सरकारले तर्जुमा गरेका बालविवाह विरुद्धका कानुन तथा कार्यक्रमहरुलाई स्थानीय तह सम्म सञ्चालन गर्न समन्वय तथा आवश्यक सहजीकरण गर्ने ।

३) कार्यदलको बैठक कम्तिमा ३ महिनामा एक पटक वा आवश्यकता अनुसार बस्नेछ तर जोखिमपुर्ण परिस्थितिको सुचनाको आधारमा कार्यदल तत्काल परिचालन अवस्थामा कम्तिमा ३ जना सदस्य परिचालित गरि पछिको बैठकबाट निर्णयको अनुमोदन गराउन सकिने छ ।
४) कार्यदलको वैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा वोलाउन सकिनेछ ।
५) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

९. **यसै बमोजिम हुनेः** यस निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. **निर्देशिकाको व्याख्या गर्ने र बाधा अडकाउ फुकाउने अधिकार :** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा ब्याख्या गर्ने अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

११. **बचाउः** बालबालिकाको हक अधिकार स्थापित गर्ने सम्बन्धमा यो निर्देशिका लागू हुनुभन्दा पहिले भए गरिएका सबै कार्यहरू यसै निर्देशिका वमोजिम भए गरेको मानिने छन ।

१२. **संशोधन** : यस निर्देशिकामा आवश्यकता अनुसार नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

'ठाकुरबाबा नगरपालिकाको बालविवाह मुक्त अभियान संचालन निर्देशिका, २०७९'

## अनुसूची १ः

## ठाकुरबाबा नगरपालिकामा बालविवाह सम्बन्धी सर्वेक्षण, २०७९

उत्तरदाताको विवरण (ऐच्छिक) वडा न.......

*नाम :* *लिङ्ग :* *टोल...* *उमेरः*

*ठेगाना :* *जाति :* *पेशा /व्यवसाय :* *मोबाइल :*

*कृपया आफूलाई उपयुक्त लागेको वैकल्पिक उत्तरमा यस्तो चिन्ह ( √ ) लगाएर सहयोग गरिदिनुहोला ।*

१)तपाईलाई बाल विवाहको बारेमा थाहा छ ?

क) छ ख) छैन

२) नेपालको प्रचलित कानुन बमोजिम विवाहको उमेर कति वर्ष तोकिएको छ ?

क) १८वर्ष ख) २० वर्ष

३) वडामा बाल बालिकाहरुको जन्मदर्ता हुने गरेको छ ?

क) छ ख) छैन

४) तपाईको छिमेकमा/घरमा यो वर्ष बाल विवाह भएको छ कि छैन ?

क) छ ख) छैन

५) विवाह भएको भए विवाहितको उमेर कति थियो ?

क) केटाको उमेर तथा नाम (ऐच्छिक) .... ख) केटीको उमेर तथा नाम (ऐच्छिक) ...

६) प्रश्न नं. ४ मा उल्लेखित विवाह बाल विवाह भएको भए कि नभएको थियो ?

क) ख) ग)

७) बाल विवाह कसरी सम्पन्न भएको थियो ? (छ भन्नेले मात्र भर्ने)

क) मागेर विवाह ख) भागेर विवाह ग) अन्य...

८) बाल विवाह गराउन लमी/बडघर/मौलाना/पाष्टर/पुरोहितहरुले छाडेका छन् कि छैनन्?

क) छाडेका छन् ख) छाडेका छैनन्

९) प्रश्न नं. ८मा उल्लेखित धार्मिक गुरुहरुले बाल विवाह गराउन छाडेका छैनन् भने किन? कारण खुलाउनुहोस ।

क) ख) ग)

१०) बाल विवाहको जन्ती/भोज/भतेर जस्ता कार्यहरुमा समुदायका व्यक्तिहरु सहभागी हुने गरेका छन् कि छैनन् ?

क) छन् ख) छैनन्

११) बाल विवाहविरुद्ध उजुरी दिने गरिन्छ ?

क) उजुरी दिइन्छ ख) उजुरी दिइँदैन

१२) बालबालिका, अभिभावक, धार्मिक गुरु, जनप्रतिनिधि र सामाजिक अगुवाहरु बाल विवाहका विषयमा सचेत छन्?

क) छन् ख) छैनन्

१३) समुदायमा आधारित संस्था/समिति/समूह/सञ्जाल बाल विवाह विरुद्ध सक्रिय रुपमा क्रियाशिल छन् कि छैनन्?

क) छन् ख) छैनन्

१४) बाल विवाह गर्ने/गराउनेलाई कारबाही गर्न प्रहरीको सक्रियता छ कि छैन ?

क) छ ख) छैन

१५) बालक्लब/किशोरी क्लबहरु जनचेतना मुलक कार्यक्रममा सहभागी हुने गरेका छन कि छैनन ?

क) छ ख) छैन

१६) पालिकाले कस्तो प्रकारको कार्यक्रम ल्याएपछि बाल विवाह न्युनीकरण गर्न सकिएला? लेख्ने ।

ठाकुरबाबा नगरपालिकाको बालविवाहमुक्त अभियान संचालन निर्देशिका, २०७९

क) ख) ग)

१६) बाल विवाहका कारणहरु के के छन ? लेख्ने ।

क) ख) ग)

सहयोगका लागि धन्यवाद !

# स्थानीय तह/वडा कार्यालयबाट संकलन गर्ने

१.आर्थिक वर्ष ०७८/०७९ मा विवाह दर्ताको अवस्था के छ ?

२. कुनकुन उमेर समूहको व्यक्तिको विवाह भएको छ ? (विस्तृत विवरण माग्ने)

३. स्थानीय तहमा बाल अधिकार समिति गठन सम्बन्धीकार्यविधि, छ, छैन

४) छ भने कहिले जारी भएको हो ?.............*(मिति लेख्ने ।)*

५. बाल विवाह अन्त्य सम्बन्धी रणनीति :

१) छ २) छैन

६. छ भने कहिले जारी भएको हो ?............*(मिति लेख्ने ।)*

७. बाल संरक्षण फोकल पर्सन तोकेको :

१) छ २) छैन

८. छ भने को छ ?.............*(नामलेख्ने ।)*

९. स्थानीय तहमा बाल संरक्षण नीति लागू :

१) छ २) छैन

१०.पालिका बाल अधिकार समिति तथा विद्यालय र वडा स्तरमा बाल क्लब क्रियाशिल :

१) छ २) छैन ।

११. छ भने कहिले जारी भएको हो ?.............*(मितिलेख्ने ।)*

*१२. यस वर्षमा कतिवटा बालविवाह रोकिएको छ ?*

## प्रहरी कार्यालयसँग संकलन गर्ने तथ्याङ्क

१. २०७८/०७९ साल भित्र नगर र वडामा बाल विवाहका कति वटा उजुरी परे ?

२. बाल विवाह गर्ने केटा र केटीको उमेर कति कति थियो ?

३. ती उजुरीबाट कति वटा मुद्दा दायर भए?

ठाकुरबाबा नगरपालिकाको बालविवाह मुक्त अभियान संचालन निर्देशिका, २०७९

४. बाल विवाहको उजुरी कसले गर्ने गरेको छ ?

५. बाल विवाहको विषयमा मिलापत्र गर्न कत्तिको दवाब आउँछ ?

६. बाल विवाहको मुद्दालाई बलात्कार, बेपत्ता पारेको, अपहरण गरेको, बन्धक बनाएको जस्ता अभियोग लगाएका मुद्दा कति छन् ?

**आज्ञाले**
रामहरि रिजाल
प्रमुख प्रशासकीय अधिकृत

'ठाकुरबाबा नगरपालिकाको बालविवाह मुक्त अभियान संचालन निर्देशिका,२०७९'